नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

**प्रथम पटक प्रकाशित मिति २०७८।०९।०७**

चमेनागृह संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
सुचना नं २
२०७८/०७९

यस विभागको परिसर भित्र निर्माण गरिएको चमेनागृह संचालन गर्न सिलबन्दी दरभाउपत्र प्रकृयाबाट ठेक्कामा दिने निर्णय भएको हुँदा यस बिभागले तोकेको निम्न शर्तहरु पालना गर्नेगरी इच्छुक व्यक्ति, संघ संस्था,फर्म कम्पनी तथा व्यावसायीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन अर्थात मिति २०७८।९।२० गते सम्म यस बिभागबाट कार्यालय समय भित्र रु १०००।- (फिर्ता नहुनेगरी) राजश्व बुझाई दरभाउपत्र खरिद गर्न र १६ औ दिन अर्थात २०७८।९।२१ गते दिनको १२:०० बजे भित्र रितपुर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ।

**<u>शिलवन्दी दरभाउपत्र पेश गर्दा पुर्याउनु पर्ने रीत र शर्तहरु:</u>**

१. विभागको परिसरभित्र रहेको चमेनागृह शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्महरुले सम्बन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आर्थिक बर्ष २०७७/७८ को लागि नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, ब्यबसाय दर्ताको प्रमाणपत्र, आर्थिक बर्ष २०७६/७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र साथै फर्मसंग सम्बन्धित अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (मिति २०७८।९।२० गते कार्यालय समय भित्र ) रु. १०००।- (एक हजार) नगदै तिरी - (फिर्ता नहुने)- शिलबन्दी दरभाउपत्र फाराम विभागबाट खरिद गर्न सकिने र १६ औं दिनको १२:०० बजे सम्म दर्ता गरी सोही दिनको १२.३० बजे विभागको मिटिगं हलमा खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्रदाताले फारामसाथ संकलन लिष्ट र सो को दररेट अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ

४. बिभागबाट उपलब्ध गराइएको दरभाउपत्रमा उल्लेख बमोजिमको परिकारहरु स्वस्थ, सफा र सूपथ मूल्यको हुनुपर्नेछ।

५. आवश्यक फर्निचर र पानीको ब्यबस्था दरभाउपत्रदाता आफैले ब्यहोर्नु पर्नेछ।बिजुली प्रयोग बापत मासिक खपत यूनिट अनुसार भुक्तनी गर्नुपर्नेछ।

६. खाना,चिया नास्ताको ब्यबस्था गर्दा जार वा फिल्टरको शुद्ध पानी प्रयोग गर्नु पर्नेछ।

७ शिलवन्दी दरभाउपत्रसाथ कार्यालय कोड नं ३१२०२३४०१ कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नें.बै.लि. गाबहाल स्थित धरौटी खाता नं. ०१८०२०००००००३०००५१ मा चमेना गृह बहाल बापत कबोल रकमकोभाडा बाहेक बार्षिक १० प्रतिशत रकम जम्मा गरेको भौचर मान्यता प्राप्त कुनै बाणिज्य बैंकको ९० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

८. दरभाउपत्र दाताले दरभाउपत्र साथ पेश गरेका कागजातको प्रत्येक पानामा दस्तखत गरी आफ्नो फर्मको छाप लगाएको हुनुपर्नेछ।

९ दरभाउ पत्र अंक र अक्षर दुवैमा भर्नु पर्नेछ। अंक र अक्षरको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ।

१०. दरभाउपत्र स्वीकृत पश्चात बिभागसँग सम्झौता गर्दा महिनाको मासिक भाडा बराबरको धरौटी रकम यस बिभागको तोकेको धरौटी खातामा दाखिला गरेको बैंक भौचर वा बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। सम्झौता गर्न नआएमा बैंक ग्यारेन्टी रकम बापत राखेको धरौटी रकम जफत गरिने छ।

११ दरभाउपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट वा कार्यालय खुलेको दिन सोही स्थान र समयमा खोलिनेछ।

१२ म्याद नाघी, रीत नपुगी वा कुनै शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कारवाही गरिने छैन।

१३ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ।

१४. दरभाउ पत्र सम्बन्धी सूचना यस बिभागको सुचना पाटी तथा वेवसाइट <u>www.dls.gov.np</u> मा समेत हेर्न सकिने

०७८/०९/०६

महा-निर्देशक